केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४१९८०४/६/७
४१०२०१/४१०१५८/४११२५०
एक्सटेन्सन: ३६३
फ्याक्स: ००९७७ १ ४१४५५३
पोष्ट बक्स: ७३

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग
## आन्तरिक प्रशासन शाखा

पत्रसंख्या: वि.आ.प्र.१२/१४/०७२/०७३

मिति: २०७२/७/२

श्री वाणिज्य बैंकहरु ।

महाशय,

यस बैंकबाट जारी भएको ई.प्रा. परिपत्र संख्या: ५८० अनुरुप प्रतीतपत्र खोली सामान आयात गर्दा तोकिएको निर्दिष्ट नाकाबाट सामान भित्र्याउनु पर्ने व्यवस्था रहेकोमा हालको असामान्य परिस्थितिमा प्रतितपत्र खोल्दा तोकिएका भन्सार नाका बाहेक अन्य नाका मार्फत पनि सामान भित्र्याउनु पर्ने अवस्था भएकोले सो सम्बन्धमा यही कार्तिक १६ गते सम्मका लागि देहाय बमोजिम पनि सामान भित्र्याउन सकिने व्यवस्था गरिएको हुँदा सो बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

(१) आयात प्रतीतपत्रमा भन्सार नाका तोकिएको अवस्थामा नेपाल सरकार, वाणिज्य मन्त्रालयले यस परिस्थितिका लागि गरेको व्यवस्था बमोजिम नाका परिवर्तन गर्न सकिने छ ।

(२) प्रतीतपत्र खोल्दा सामान भित्रिने नाकाको भन्सार कार्यालयको नाम उल्लेख गरी जारी भएको चेक जुन परिवर्तित नाकाबाट सामान भित्रिने हो सो भन्सार कार्यालयले स्वीकार गर्न सक्ने हुँदा सो रकम सोही भन्सार कार्यालय मार्फत सम्बन्धित राजस्व खातामा जम्मा गर्न सकिने छ ।

(३) यस अवधिमा आयातकर्ताले अनुरोध गरेमा सम्बन्धित भन्सार कार्यालयको नाममा जारी भई सकेको वि.वि.नि.४ फारामहरु रद्द गरी परिवर्तित भन्सार नाकाको नाममा विद्यमान प्रकृया अनुरुप नयाँ वि.वि.नि.४ जारी गर्न सकिने छ । यसरी नयाँ वि.वि.नि.४ जारी गरिएको अवस्थामा पहिला वि.वि.नि.पठाइएको भन्सार कार्यालय र यस विभागलाई पनि जानकारी गराउनु पर्ने छ ।

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व महाशाखा ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय ।
६. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय र अन्य कार्यालयहरु ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८ श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परिक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
११. श्री नेपाल बैंकर्स संघ ।
१२. श्री उद्योग वाणिज्य महासंघ ।